नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
डडेल्धुरा

फोन नं.:४२०१३३
४२०५५५
फ्याक्स नं.:४२०१५३
daodadeldhura@moha.gov.np
daodadeldhura133@gmail.com

पत्र संख्याः २०८२/०८३

मितिः २०८२/१२/२०

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डडेल्धुरा

## सेवा प्रवाहलाई विचौलियामुक्त र थप सुदृढ बनाउने सम्बन्धी सूचना !

डडेल्धुरा जिल्लाका सम्पूर्ण सेवा प्रदायक कार्यालय, स्थानीय तह र संघ संस्थाहरूबाट प्रवाह गरिने सेवालाई व्यवस्थित, पारदर्शी एवम् विचौलियामुक्त रुपमा सञ्चालन गर्नको लागि विगत देखि नै यस कार्यालयबाट सार्थक प्रयास भईरहेको व्यहोरा विदितै छ। सेवा प्रवाहलाई अझ सहज, व्यवस्थित र सुदृढ गर्नका लागि जिल्ला भित्रका सम्पूर्ण सेवा प्रदायक निकायहरूले कुनै पनि प्रकारको विचौलिया वा अनाधिकृत व्यक्तिको संलग्नता नरहने गरी सिधै सेवा उपलब्ध गराउने व्यवस्था कडाईका साथ कार्यान्वयन गर्नुहुन, प्रभावकारी सेवा प्रवाह गर्नका लागि जिम्मेवार कर्मचारी तोकी कार्यालय भित्र नागरिक सहायता कक्षको भरपर्दो व्यवस्था मिलाउनुहुन, कार्यालय वरिपरि सेवाग्राहीलाई सहयोग र सहजीकरण गर्ने नाममा गैरकानुनी गतिविधि भएमा तत्काल नियन्त्रण गर्नु/गराउनुहुन तथा शंकास्पद गतिविधिको निगरानी राख्नुहुन सूचित गरिन्छ। सेवाग्राहीहरूले पनि कुनै विचौलियाको सहायता नलिई सम्बन्धित कार्यालयमा सिधा सम्पर्क गर्नुहुन तथा कसैबाट अवाञ्छित वा गैरकानुनी गतिविधि भएको देखिएमा सम्बन्धित निकाय वा यस कार्यालयमा जानकारी गराउनुहुन अनुरोध छ।

(अमर बहादुर वली)
निमित्त प्रमुख जिल्ला अधिकारी